**वैदेशिक रोजगारीबाट फर्केको व्यक्तिको पुनः एकीकरण-रेमी परियोजना अन्तर्गत आ.व. २०८१/८२ को समिक्षा र आ.व. २०८२/८३ को योजना तयारी गोष्ठी सम्पन्न ।**

**दैनिक कार्यको जानकारी**

**मितिः चैत्र १० गते, आइतबार**

**परिचयः**



वैदेशिक रोजगारीबाट फर्केको व्यक्तिको पुनः एकीकरण (रेमी) परियोजना आ.व.२०७८/७९ (सन्२०२२ जुलाई) देखि ४ वर्षको परिक्षणकाल सन् २०२६ जुलाई आ.व.२०८२/८३ सम्मको लागि कोशी प्रदेशको सामाजिक विकास मन्त्रालय अन्तर्गत यसै प्रदेशको १० स्थानीय तहहरुमा संचालन भइरहेको छ । त्यस अनुरुप कोशी प्रदेश स्तरको रेमी परियोजनाको चालु आर्थिक वर्ष (२०८१/८२) को समिक्षा र आगामी आर्थिक वर्ष (२०८२/८३) को योजना गोष्ठी आज विराटनगरमा सफलतापूर्वक सम्पन्न भएको छ। यस कार्यक्रम सञ्चालन सामाजिक विकास मन्त्रालयको श्रम रोजगार शाखा अधिकृत प्रदिप गौतम ज्युले गर्नुभएको थियो र यस गोष्ठिको अध्यक्षता कोशी प्रदेशको सामाजिक विकास मन्त्रालयका सचिव श्री हेमराज तामाङले गर्नुभएको थियो। साथै, चालु कार्यक्रमको समिक्षा र आगामी योजनाका विषयमा सामाजिक बिकास मन्त्रालयबात महाशाखा प्रमुख श्री शम्भु प्रसाद साहले प्रस्तुति गर्नु भएको थियो।यस समिक्षा र योजना तयारी कार्यक्रममा कोशी प्रदेशका १० वटा विभिन्न स्थानिय तहका नगर प्रमुख, नगर उप-प्रमुख, अध्यक्ष, उपाध्यक्ष, आर्थिक प्रशासन शाखा प्रमुख, प्रमुख प्रशासकीय अधिक ृत, रोजगार परामर्शकर्ता र परिवार परामर्शकर्ताहरूको सहभागिता थियो। यस कार्यक्रममा स्थानीय तहको चालु आर्थिक वर्षको कार्यक्रमको भौतिक र वित्त ीय प्रगतिको समिक्षा गर्दै लगभग २६-४०% वित्तीय प्रगति रहेको जानकारी भएको थियो भने सामाजिक विकास मन्त्रालयको १७% प्रगति जानकारी गरिएको छ।साथै, यस गोष्ठीमा स्थानीय तह र सामाजिक



विकास मन्त्रालयले आगामी आ.व.को लागि उल्लिखित कार्यक्रममा शसर्त अनुदानको रकम साथै स्थानीय तथा प्रदेश श्रोतबाट पनि साझेदारी गर्ने जानकारी भएको छ ।आगामी आर्थिक वर्ष २०८२/८३ का लागि बजेट सहित योजना स्थानीय तहको लगभग ८० लाख देखि १ करोड हाराहारीमा तयार पारिएको छ। १० वटै स्थान ीय तहका राजनीतिक प्रतिनिधिहरू र प्रमुख प्रशासकीय अधिकारीहरूले रेमी परियोजना एक महत्वपूर्ण कार्यक्रम भएको र यसले वैदेशिक रोजगारबाट फर्केको व्यक्तिको सामाजिक, राजनीतिक, आर्थिक र सांस्कृतिक एक ीकरणमा महत्वपूर्ण भूमिका खेलेको बताएका छन्।गोष्ठीमा हेलवेटास नेपालको रेमी परियोजनाको प्रदेश परियोजना सहयोग इकाई द्वारा परियोजनाको

लक्ष्य, प्रतिफलहरु पुनरावलोकन गरी आर्थिक वर्ष २०८२/८३को बजेट बनाउन ध्यानकेन्द्रित गर्दै परियोजना सहयोग इकाईको योजना प्रस्तुत भएको थियो।

**सहभागिता रहेको स्थानीय तहहरू:**

- दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका - खोटाङ
- कटारी नगरपालिका - उदयपुर
- रामधुनी नगरपालिका - सुनसरी
- मेचीनगर नगरपालिका - झापा
- सूर्यदयो नगरपालिका - इलाम
- उर्लावारी नगरपालिका - मोरङ
- मिक्लाजुङ गाउँपालिका - मोरङ
- कमल गाउँपालिका - झापा
- केरावारी गाउँपालिका - मोरङ
- कानेपोखरी गाउँपालिका - मोरङ
- सामाजिक विकास मन्त्रालयको टिम
- रेमी प्रदेश परियोजना इकाई टिम

**सहभागीहरूबाट आएका भनाइहरू:**

**हेमराज तामाङ, सचिव, सामाजिक विकास मन्त्रालय:** "रेमी परियोजनाले विदेशबाट फर्किएका युवाहरूको पुनः एकीकरणका लागि निकै राम्रो कार्यक्रम सञ्चालन गरेको छ। यस कार्यक्रमलाई कोशी प्रदेशका सबै स्थानीय तहहरूमा लागू गर्नु आवश्यक छ। श्रम र श्रम सम्बन्धी अधिकारक्षेत्रहरु अनुसूची ८ मा उल्लेखित छन् र प्रदेश तहका अनुसूची ६ र ५ मा पनि राखिएका छन्। यी अनुसूचिहरूको अधिकार प्रयोग गरेर हामी स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न र फर्केका आप्रवासीलाई एकिकरण गर्न सक्दछौँ।



**रण बहादुर राइ, सूर्योदय नगरपालिका नगर प्रमुख:** संविधानको धारा ५१ को दफा ५ र दफा ६ मा विदेशी नागरिक र स्वरोजगारको विषयमा उल्लेख गरिएको छ। यी धारा र दफासँग जोडेर हामी विदेशबाट फर्किएका व्यक्तिहरूको पुनः एकीकरणमा जोड दिन सक्दछौँ।

**शंकरलाल चौधरी, रामधुनी नगरपालिका नगर प्रमुख:** विदेशी रोजगारबाट फर्केका व्यक्तिहरूलाई उनीहरूको क्षमता अनुसारका व्यवसाय र सीपमा जोड्नुपर्छ। स्थानीय तहहरूले बजेट विनियोजन गर्दा उद्यमशीलता र उनीहरूको क्षमता अनुसारको कार्यक्रम तयार गर्नु आवश्यक छ।



**मीना पोखरेल उप्रेती, मेचीनगर नगरपालिका:** रेमी परियोजना राम्रो छ, यसले विदेशबाट फर्केका व्यक्तिहरूको एकीकरणमा काम गरेको छ। मेचीनगरमा हामीले विदेशबाट फर्किएका व्यक्तिहरूका हक अधिकारलाई ध्यानमा राखेर बजेट विनियोजन गरेका छौँ।"

**कुल सहभागी संख्या**:६०
**महिला सहभागी**:१२
**पुरुष सहभागी**:४८
यस गोष्ठीमा रेमी परियोजनाको आगामी आर्थिक वर्षका लागि विस्तृत बजेट र योजना तयार गर्दै समापन भयो, जसले फर्केका आप्रवासीहरूको पुनः एकीकरण र स्थान◌ीय रोजगारी सिर्जना गर्ने अवसरहरूमा केन्द्रित रहेको छ।